# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

भूमिसुधार तथा मालपोत कार्यालय, कलैया, बारामा आर्थिक बर्ष २०७४/०७५ मा रजिष्ट्रेसन फाँट नं. ३ मा कार्यरत फाँटवाला (नायब सुब्बा) मदन प्रसाद गुप्ताले आफू कार्यरत रहेको अवधिमा बुझिलिएका राजश्व रसिद, निजले पारित गरेका सक्कलै लिखतहरु र सो सँग सम्वन्धित अन्य कागज प्रमाण, लिखत दर्ता किताब, राजश्व रसिदको कार्यालय प्रति समेतका महत्वपूर्ण कागजातहरु सम्वन्धित कार्यालयमा बुझाएको नदेखिएको भन्ने समेतको उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा मालपोत कार्यालय, कलैया, बाराका तत्कालीन नायव सुब्बा मदन प्रसाद गुप्ताले मालपोत कार्यालय, कलैया, बारामा रजिष्ट्रेसन फाँट नं. ३ सँग सम्वन्धित कार्यालयमा सुरक्षित रहनुपर्ने सरकारी कागजातहरु निजको निजी ड्राइभर भनिएका सुनिल कुमार पटेलको डेरामा लुकाई राखेको अवस्थामा आयोगबाट खटिई गएको टोलीले बरामद गरी अध्ययन गर्दा निज मदन प्रसाद गुप्ताले आफू मालपोत कार्यालय, बारामा कार्यरत रहेको अवधिमा बुझिलिएका राजश्व रसिद, निजले पारित गरेका सक्कलै लिखतहरु र सो सँग सम्वन्धित अन्य कागज प्रमाण, लिखत दर्ता किताब, समेतका महत्वपूर्ण कागजातहरु आफू समेतको मिलेमतो र प्रत्यक्ष संलग्नतामा सरुवा भएर अन्यत्र कार्यालमा जाँदा समेत कानून वमोजिम बरबुझारथ नगरी बदनियतपूर्वक आफ्नो फाँटमा भएका अनियमितता लुकाउने मनसायले आफूसँगै लाने र नष्ट गर्ने मनसाय राखी अनाधिकृतरुपमा लुकाउने कार्य गरेको देखिएकोले मालपोत कार्यालय, कलैयाका तात्कालीन फाँटवाला नायव सुव्बा मदन प्रसाद गुप्ता, लेखापाल युगल किशोर ठाकुर, मालपोत कार्यालय, सिमराका नायव सुव्बा शत्रुधन राउत र भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका कार्यालय सहयोगी निरज कुमार गुप्ताले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा उक्त कसूर अपराधमा निज मदन प्रसाद गुप्ता, युगल किशोर ठाकुर, शत्रुधन राउत र निरज कुमार गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम हदैसम्मको सजाय हुन र निज मदन प्रसाद गुप्ताको निजी ड्राइभर भनिएका सुनिल कुमार पटेलले मालपोत कार्यालय, कलैया, बाराको सरकारी कागजात नष्ट गर्ने मनसायले सक्कल कागजातहरू लुकाउने, छिपाउने कार्यमा मदन प्रसाद गुप्तालाई सहयोग गरेको देखिन आई निज सुनिल कुमार पटेलले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १२ वमोजिमको कार्य गर्नको लागि मतियार भई सोही ऐनको दफा २२ वमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले उक्त कसूर अपराधमा निज सुनिल कुमार पटेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम हुने सजायमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ वमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाण्डौमा आज मुद्दा दायर गरिएको छ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता